अनुसूची -२

दफा ४ तथा अनुसूची -१ को भाग -२ संग सम्बन्धित

माङसेबुङ गाउंपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८१।०४।१२

भाग-२

माङसेबुङ गाउंपालिका, गाउं कार्यपालिकाले स्वीकृत गरेका देहाय बमोजिमको मापदण्ड सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**माङसेबुङ गाउँपालिकाको दाहासंस्कार खर्च सम्बन्धी मापदण्ड २०८१**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।४।११

**प्रस्तावना**:

माङसेबुङ गाउँपालिका भित्र स्थायी रुपमा बसोवास गर्ने कुनै पनि नागरिकको मृत्यु पश्चात आफनो कुनै परम्परा अनुसार मृतकको दाह संस्कार गर्नको लागि आर्थिक रुपले सहज होस् र मृतकको परिवारलाई सान्तवना समेत मिलोस भन्ने अभिप्रायले मृतकको परिवारलाई दाहसंस्कार खर्च उपलब्ध गराउनको लागि माङसेबुङ गाउँपालिकाको प्रशासकीय मापदण्ड नियमित गर्ने ऐन २०७५ को दफा ४ को अधिकार प्रयोग गरी माङसेबुङ गाउँपालिकाले यो मापदण्ड जारी गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ**

१) यो मापदण्डको नाम माङसेबुङ गाउँपालिकाको दाहसंस्कार खर्च सम्बन्धी मापदण्ड २०८१ रहेको छ ।

२) यो मापदण्ड गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

क) "गाउँपालिका" भन्नाले माङसेबुङ गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले माङसेबेङ गाउँकार्यपालिका सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले माङसेबेङ गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले माङसेबेङ गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माङसेबेङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

च) "कार्यालय" भन्नाले माङसेबेङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

छ) "दाहसंस्कार खर्च" भन्नाले यस माङसेबेङ गाउँपालिकाभित्र बसोबास गर्ने स्थायी बासिन्दाको मृत्यु भएपश्चात निजको परम्परा अनुसार दाहसंस्कार गर्न मृतकको परिवारलाई गाउँपालिकाबाट उपलब्ध गराइने आर्थिक सहयोग सम्झनुपर्दछ ।

ज) "परिवार" भन्नाले मृतकको पति , पत्नि , छोरा, छोरी, धर्मपुत्र, अबिवाहिता धर्मपुत्री , बावु, आमा वा सौतेनीआमा सम्झनुपर्दछ र सो शब्धले पुरुष र अबिवाहिता महिलाको हकमा निजको बाजे बजै तथा बिवाहिता महिलाको हकमा निजको सासु ससुरालाई समेत जनाउने छ ।

**३ दाहसंस्कार सहयोग रकम पाउने**:

देहाय बमोजिमका मृत्यु भएको नागरिकको परिवारले मात्र दाहसंस्कार सहयोग खर्च रकम पाउनेछन:

१) नेपाली नागरिक

२) यस गाउँपालिकाको स्थायी बासिन्दा भएको

**४ दाहसंस्कार सहयोग रकम र वितरण**: दाहसंस्कार सहयोग रकम बापत रु ५,०००|- अक्षरुपी पाँच हजार मात्र उपलब्ध गराइनेछ ।

**५ निवेदन पेश गर्नुपर्ने**:

दफा (४) बमोजिम को  दाहसंस्कार खर्च रकम प्राप्त गर्न मृतकको परिवारले देहायको कागजात संलग्न गरी गाउँ कार्यलिकाको कार्यालय समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

१) मृतकको नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि

२) मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि

३) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४) सम्बन्धित वडाको सिफारिस

५) मृतक नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको भए सो को लगत कट्टा गरिएको सम्बन्धित वडाको पत्र समेत पेश गर्नुपर्नेछ ।

**६ कसुर गरेको मानिने**:

१) कसैले झुठा विवरण पेश गरी यस मापदण्डको दफा ३ र ४ बमोजिम रकम लिएमा कसुर गरेको मानिनेछ ।

२) कसैले दफा (१) बमोजिमको कसुर गरेको पाइएमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरी निजलाई बिगो बराबरको जरिवाना हुनेछ ।

**७ संशोधन** : गाउँकार्यपालिकाको बैठकको निर्णयले यो मापदण्ड संशोधन गर्न सकिनेछ ।

**८ बचाउः** यो मापदण्ड कार्यान्वयन हुनु अगाडी गाउँ पालिकाको निर्णय अनुसार दाहसंस्कार सहयोग रकम वितरण सम्बन्धी भएगरेको सम्पुर्ण कामकारवाही यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।

**प्रमाणित गर्ने अधिकारीकोः**
दस्तखतः
नाम थरः
पदः
मितिः

आज्ञाले,
विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत